अनुसूचि-१
(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम

| क.सं. | शीर्षकको नाम | चालुखर्च | पूँजिगतखर्च | जम्मा |
|---|---|---|---|---|
| १ | ३ | ४ | ५ | ७ |
| १ | नगर कार्यपालिका | ३६१५८२५६० छत्तीस करोड पन्ध्र लाख वयासी हजार पाच सय साठी | १७६११३४४० सत्र करोड एकसठ्ठी लाख तेह्र हजार चार सय चालीस | ५३७६९६००० त्रिपन्न करोड छ्याहत्तर लाख छ्यानव्वे हजार |
| २ | सामाजिक सुरक्षा | १९०५४०२०० उन्नाईस करोड पाच लाख चालीस हजार | | १९०५४०२०० उन्नाईस करोड पाच लाख चालीस हजार |
| जम्मा | | ५५२१२२७६० पचपन्न करोड एक्काईस लाख वाईस हजार सात सय साठी | १७६११३४४० सत्र करोड एकसठ्ठी लाख तेह्र हजार चार सय चालीस | ७२८२३६२०० वाहत्तर करोड वयासी लाख छत्तीस हजार दुई सय |

नगर सभा बाट स्विकृत मिति २०७८।०३।१०

आज्ञाले
गणेश दत्त मिश्र
प्रमुख प्रशासकीय अधिकृत



# स्थानीय राजपत्र

**दोधारा चाँदनी नगरपालिकाद्वारा प्रकाशित**

खण्ड : ६, संख्या : ४, असार २८ गते, २०७८ साल

**भाग-१**

दोधारा चादनी नगरपालिकाको बिनीयोजन ऐन २०७९

दोधारा चादनी नगरपालिकाको आठौं नगरसभामा वडा नं. ४ का वडा अध्यक्ष श्री भक्त वहादुर सुनारज्यू द्वारा प्रस्तुत आर्थिक बर्ष २०७९/२०८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट

केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**आदरणीय यस नगर सभाका सभाध्यक्षज्यू तथा सदस्यज्यूहरु,**

**प्रस्तावनाः दोधारा चादनी** नगरपालिकाको आर्थिक बर्ष २०७९।०८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम दोधारा चादनी नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः**

**(१)** यस ऐनको नाम " दोधारा चादनी नगरपालिकाको विनियोजन ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७९।०८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**ः (१) आर्थिक वर्ष २०७९।०८० को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. **७२८२३६२००।-** (वाहत्तर करोड वयासी लाख छत्तीस हजार दुई सय मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजनः (१)** यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९।०८० को निमित्त दोधारा चादनी नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

**(२)** उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा



नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

**(३)** उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

नगर सभा बाट स्विकृत मिति २०७९।०३।१०

आज्ञाले
गणेश दत्त मिश्र
प्रमुख प्रशासकीय अधिकृत